'गाउँ गाउँमा सुचना र सञ्चारको लागी हाम्रो अभियान'
www.namastekarnali.com
# नमस्ते कर्णाली
Namaste Karnali National Daily
राष्ट्रिय दैनिक

वर्ष १ | अंक : १६९ | विहिवार ०१ फागुन, २०८१ | 13 (Thursday) February 2025 | पृष्ठ ४, | मूल्य रु : १०।-

# लुम्बिनी र गण्डकी प्रदेश सरकार बीच २१ बुँदे साझा प्रतिबद्धता

■ नमस्ते समचारदाता

पाल्पा, माघ/३०



लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्य र गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले प्रदेशस्तरीय समन्वय र सहकार्यलाई सुदृढ गर्दै प्रदेशको रणनीतिक विकासका लागि २१ बुँदे साझा प्रतिबद्धतामा हस्ताक्षर गर्नुभएको छ। नेपालको संविधानको धारा ५६ अनुसार राज्यशक्तिको बाँडफाँड, सङ्घीय ढाँचाको शासकीय अभ्यास तथा तीन तहका सरकारबीच समन्वय, सहकार्य र सहअस्तित्वको मर्मलाई आत्मसात् गर्दै लुम्बिनी र गण्डकी प्रदेश सरकारबीचको पहिलो ऐतिहासिक बैठक पाल्पाको रानीमहलमा सम्पन्न भएको हो। उक्त बैठकमा दुवै प्रदेशका साझा सम्भावनालाई सम्बोधन गर्ने तथा प्रदेश सरकारलाई जनताको अझ नजिक पुर्याउने उद्देश्यका साथ विभिन्न महत्वपूर्ण निर्णयहरू गरिएका छन्। साझा प्रतिबद्धताअनुसार दुवै प्रदेशबीच नेपालगञ्ज-जोमसोम र भैरहवा-जोमसोम हवाइ सेवा विस्तार गर्न पहल गर्ने, लुम्बिनी-लोमान्थाङ (लुम्बिनी-मुक्तिनाथ) सिल्क रोड, लुम्बिनी-त्रिवेणी-दुम्किबास सडक, गैंडाकोट-कालीगण्डकी कोरिडोर, भीमगिठे-बुर्तिवाङ-गौमुखी-झिमुक सडकलगायतका अन्तरप्रदेशीय सडक सञ्जालको स्तरोन्नतिका लागि पहल गर्ने तथा बुटवल-पोखरा सिद्धार्थ राजमार्गलाई दुई लेनमा विस्तार गर्न सङ्घीय सरकारसँग अनुरोध गर्ने निर्णय गरिएको छ। भरतपुर-बुटवल-पोखरा क्षेत्रलाई समेटी गण्डकी आर्थिक त्रिभुज परियोजना कार्यान्वयन गर्न पहल गरिने, प्रादेशिक औद्योगिक क्षेत्र स्थापना गर्ने र स्थानीय उत्पादन तथा रोजगारी सिर्जना हुने गरी आगामी आर्थिक वर्षमा बजेट तथा कार्यक्रम प्रस्तुत गर्ने विषयसमेत प्रतिबद्धतामा समेटिएको छ। कृषि तथा पशुपन्छीजन्य उत्पादनको बजारीकरण, गुणस्तर सुनिश्चितता तथा वितरण प्रणाली सुधार गर्न पोखरा र लुम्बिनीमा चिस्यान केन्द्रसहितको बिक्री कक्ष तथा खाद्य गुणस्तर परीक्षण प्रयोगशाला स्थापना गरिने, कृषि तथा पशुजन्य उत्पादनलाई दुवै प्रदेशका मुख्य बजार केन्द्रहरुसम्म पुर्याउन बजार पूर्वाधार तयार गर्न संयुक्त सम्भाव्यता अध्ययन समिति गठन गरिने उल्लेख छ। उत्तर-दक्षिण कालीगण्डकी कोरिडोरलाई आर्थिक कोरिडोरका रूपमा विकास गरी हिमाली तथा पहाडी जिल्लाका उत्पादनलाई तराई तथा सीमापार बजारसँग जोड्न दुवै प्रदेशले व्यवसाय, कृषि तथा पशुपालन कार्यक्रम सञ्चालन गर्नेछन्। होटल व्यवसाय सञ्चालनका लागि प्रवर्द्धनात्मक कार्यक्रम अघि बढाइने, दुवै प्रदेशमा उत्पादन भएका कृषि उपज तथा वनजन्य जडिबुटिलाई मूल्य श्रृखलासँग जोड्न प्रशोधन केन्द्र स्थापना गर्न निजी क्षेत्रसँग सहकार्य गरिने, साथै, सोका लागि आगामी आर्थिक वर्षदेखि दुवै प्रदेशबाट व्याज अनुदान दिने गरी कार्यक्रम सञ्चालन गरिने उल्लेख छ। दुवै प्रदेशको प्राकृतिक, ऐतिहासिक, सांस्कृतिक तथा धार्मिक सम्पदामा आधारित पर्यटनको एकीकृत विकास गर्न साझा कार्यक्रम तयार गरिने, लुम्बिनी-पोखरा-मुक्तिनाथलाई मुख्य पर्यटन मार्गका रूपमा विकास गरी दुवै प्रदेशका पर्यटकीय गन्तव्यसम्म जोड्ने एकीकृत पर्यटन मार्ग निर्माण गर्न संयुक्त गुरुयोजना तयार गरिने, त्रिवेणी-देवघाट-रिडी रुरु क्षेत्र-मुक्तिनाथलाई धार्मिक तथा सांस्कृतिक क्षेत्रका रूपमा विकास गर्न संयुक्त कार्यक्रम सञ्चालन गरिने उल्लेख छ। गोरखा-तनहुँ-स्याङ्जा-पाल्पा-गुल्मी-प्यूठान-रोल्पा मगर सांस्कृतिक पर्यटकीय पदमार्ग, लुम्बिनी प्रदेशमा थारू-अवध-नेवार तथा गण्डकी प्रदेशमा गुरुङ-थकाली-नेवार समुदाय विशेष पर्यटकीय पदमार्ग विस्तारका लागि एकीकृत कार्यक्रम बनाइने, लुम्बिनी प्रदेशको लुम्बिनीमा बुद्ध सर्किट (तिलौराकोट-लुम्बिनी-रामग्राम) को विकास गरी धार्मिक तथा स्वास्थ्य पर्यटन प्रवर्द्धन गरिनेछ भने गण्डकी प्रदेशका मनास्लु, अन्नपूर्ण र मुक्तिनाथ क्षेत्र तथा पोखरालाई साहसिक, धार्मिक तथा स्वास्थ्य पर्यटकीय क्षेत्रका रूपमा विकास गर्न जोड दिने सहमति भएको।

*बाँकी ३ पेजमा...*

# बाँकेमा दोस्रो चरणको एचपीभी खोप अभियान सुरु

■ सरला सुवेदी

बाँके, माघ/३०



बाँकेमा बुधवारदेखि दोस्रो चरणको एचपीभी (ह्युमन पापिलोमा भाइरस) खोप अभियान सुरु भएको छ। यो अभियान राप्तीसोनारी, डुडुवा, नरैनापुर र बैजनाथ गाउँपालिकामा सञ्चालन भइरहेको छ। स्वास्थ्य कार्यालय बाँकेका खोप फोकलपर्सन नरेश श्रेष्ठका अनुसार पाठेघरको मुखको क्यान्सरविरुद्धको यो खोप विशेषगरी किशोरीहरूलाई लक्षित गरी दिइँदै छ। राप्तीसोनारी गाउँपालिकामा शिवशक्ति माध्यामिक विद्यालयबाट अभियानको शुभारम्भ गरिएको गाउँपालिकाका स्वास्थ्य शाखा प्रमुख देवेन्द्र केसीले जानकारी दिनुभयो। अभियानको उद्घाटन गर्दै प्रदेशसभा सदस्य एवम् पूर्वमन्त्री कृष्णा केसी (नमुना) ले महिलाहरूलाई पाठेघरको मुखको क्यान्सरबाट जोगाउन खोप महत्वपूर्ण रहेको बताउनुभयो। उहाँले नेपालमा हरेक दिन चार जना महिलाको ज्यान यस रोगका कारण जाने गरेको तथ्यांक प्रस्तुत गर्दै खोप अभियानमा सक्रिय सहभागिता आवश्यक रहेको उल्लेख गर्नुभयो। अर्का प्रदेशसभा सदस्य एवम् पूर्वमन्त्री दुर्गा प्रसाद चौधरीले नेपाल सरकारको ठूलो लगानी रहेको यो अभियानलाई सफल बनाउन लक्षित समूहले खोप लगाउनुपर्नेमा जोड दिनिभयो। उहाँले बालिका तथा किशोरीहरूले निर्धक्क भएर खोप लगाएर सरकारको स्वास्थ्य अभियानलाई सहयोग गर्नुपर्ने बताउनुभयो। यसैगरी, प्रदेशसभा सदस्य सञ्जु कुमारी थारुले पाठेघरको मुखको क्यान्सरको जोखिम कम गर्न खोप प्रभावकारी रहेको बताउनुभयो। उहाँले सबै बालिका तथा किशोरीहरूलाई खोप लगाउन आग्रह गर्नुभयो। राप्तीसोनारी गाउँपालिकाका अध्यक्ष तप्त बहादुर पौडेलले खोप अभियानमा पालिकाबासीको सहयोग आवश्यक रहेको बताउँदै अभियानलाई सफल बनाउन सबै पक्षको सहकार्य अपरिहार्य रहेको बताउनुभयो। स्वास्थ्य कार्यालय बाँकेका प्रमुख अंगद बहादुर शाहीका अनुसार बाँकेमा दुई चरणमा एचपीभी खोप अभियान सञ्चालन भइरहेको छ। उहाँले दोस्रो चरणको अभियान प्रभावकारी रूपमा अघि बढिरहेको जानकारी दिनुभयो। कार्यक्रममा गाउँपालिकाका उपाध्यक्ष मनिषा सिंह थारु, वडा अध्यक्ष शालिकराम डाँगी लगायतका जनप्रतिनिधिहरूले पनि अभियानलाई सफल बनाउन सबैलाई आह्वान गरेका थिए। यो खोप अभियानले बाँकेका किशोरी तथा महिलाहरूलाई पाठेघरको मुखको क्यान्सरबाट जोगाउन महत्वपूर्ण योगदान दिने विश्वास गरिएको छ।

नमस्ते कर्णाली विज्ञापन एजेन्सी
www.namastekarnali.com
नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि. द्धारा संचालित नमस्ते कर्णाली राष्ट्रिय दैनिक, नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक, namastekarnali.com मा विज्ञापन, सुचना, बोलपत्र आवह्वान सम्बन्धी सुचना, कर्मचारी भर्ना सम्बन्धी सुचना, जनहितमा जारी सुचना आदी प्रकाशन गर्नु परेमा हामीलाई
सम्झनुहोला।
नमस्ते कर्णाली राष्ट्रिय दैनिक | नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक | नमस्ते कर्णाली डटकम
नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि.
सम्पर्क : कोहलपुर-११, बाँके
ब्युरो कार्यालय : सुर्खेत शाखा कार्यालय हुम्ला, मुगु, बाजुरा, कालिकोट, जुम्ला, सल्यान, जाजरकोट
कोहलपुर : ९८४७२४६९०३ हुम्ला : ९८६८३९६३३२ मुगु : ९८६८३७०८०५ बाजुरा : ९८६५६६८०९९
कालिकोट : ९८६५६६८०९९
FOLLOW US
: namastekarnali2068@gmail.com
: namastekarnali.com

# लागुऔषध दुर्व्यसनविरुद्ध खजुराका २५ विद्यालयमा सचेतना अभियान

■ नमस्ते समचारदाता

बाँके, माघ/३०



बाँकेको खजुरामा रहेका विद्यार्थीहरूका लागि लागुऔषध दुर्व्यसनविरुद्धको सचेतना अभियान सञ्चालन भैरहेको छ। नागरिक आरोग्य सेवा केन्द्र, आयुर्वेद शाखा खजुराको आयोजनामा सामुदायिक विद्यालयहरूमा यो अभियान चलाइएको हो। किशोर-किशोरीलाई लागुऔषधको खतराबारे जानकारी गराउन २५ वटा विद्यालयमा अभियान सञ्चालन गरिएको आयोजक संस्थाले जनाएको छ। नागरिक आरोग्य सेवा केन्द्रका प्रमुख किरण खनालका अनुसार विद्यार्थीलाई सचेत बनाउँदा सो जानकारी परिवारसम्म पनि पुग्ने भएकाले विद्यालयलाई प्राथमिकता दिइएको हो। "सामाजिक विकृति न्यूनीकरण गर्नका लागि विद्यार्थीबाटै सचेतना अभियान थालिएको हो," खनालले बताउनुभयो। यस अभियानमा इलाका प्रहरी कार्यालय धनौलिसँगको सहकार्य रहेको छ। अहिलेसम्म १२ भन्दा बढी विद्यालयमा कार्यक्रम सम्पन्न भइसकेको छ। विद्यालयस्तरमै लागुऔषध रोकथामसम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्दा अन्य क्षेत्रमा पनि सुधार छिटो गर्न सकिने खजुरा गाउँपालिकाका अध्यक्ष डम्बर बहादुर बिकको भनाइ छ। पालिका उपाध्यक्ष मञ्जु मल्लले अभियानको मूल उद्देश्य किशोर-किशोरीलाई लागुऔषधबाट टाढा राख्नु रहेको बताउनुभयो। "लागु औषधको लतले विद्यार्थी मात्र होइन, परिवार र समाज नै प्रभावित हुन्छ। त्यसैले, यो अभियान अत्यन्त महत्वपूर्ण छ," उपाध्यक्ष मल्लले भन्नुभयो। नागरिक आरोग्य सेवा केन्द्रले सञ्चालन गरेको यस अभियानबाट २५ विद्यालयका करिब ३,५०० विद्यार्थीहरू लाभान्वित हुने अनुमान गरिएको छ। आयोजकका अनुसार सचेतना अभियान निरन्तरता दिइनेछ। स्थानिय बासी, विद्यालय प्रशासन र सुरक्षाकर्मीहरूको समेत सहकार्यमा अभियान प्रभावकारी बन्दै गएको छ।

जन्म, मृत्यु, विवाह, बसाइँ सराइँ र सम्बन्ध बिच्छेदलगायतका व्यक्तिगत घटनाहरु भएको ३५ दिनभित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं।
अदानचुली गाउँपालिका
श्रीनगर, हुम्ला

**सत्यवाणी :**

भौतिक तथा व्यवसायीक सुरक्षाका लागि पत्रकार एकता नयाँ संविधानमा पूर्ण प्रेस स्वतन्त्रता ।

– नेपाल पत्रकार महासंघ

# सम्पादकीय




## नाममात्रको फ्रि भिसा, फ्रि टिकट

'फ्रि भिसा, फ्रि टिकट' को नारा सुन्दा जति आकर्षक छ, वास्तविकता भने कुरूप। किनभने वैदेशिक रोजगारीमा जाने युवाले फ्रि भिसा फ्रि टिकटको अनुभव विरलै गर्न पाएका छन्। वैदेशिक रोजगारीमा लैजाने एजेन्सी नगण्यमात्रै छन्, जसले यो सुविधा दिन्छन् । सरकारले कारबाही गर्ला भनेर बरु कामदारलाई झुटो बोल्न बाध्य पार्छन् कि कत्ति पैसा नतिरी वैदेशिक रोजगारीमा जान लागेका छौं। तर पैसा भने असुल्छन्। कामदार पनि कति विवश छन् भने उनीहरूलाई दुई, चार पैसा गुमाउन बरु धर लाग्दैन, जसरी पनि विदेश जानैपर्छ । नपरोस् पनि कसरी स्वदेशमा कुनै इलम गर्ने वातावरण पाउँदैनन्, रोजगारी भेट्दैनन्। त्यही विवशताका युवालाई ठग एजेन्सीले फन्दामा पारिरहेका हुन्छन् । नेपाली युवाका प्रमुख श्रम गन्तव्य मलेसिया, कतार, साउदी अरेबिया, यूएई र कुवेतलगायत देश हुन् । ती देशमा जान सरकारले नै 'फ्रि भिसा, फ्रि टिकट' योजना ल्याएको छ। तर ती देशका लागि नेपाली युवाहरूले कम्तीमा पनि दुई लाख रुपैयाँ बुझाउँछन्। जबकि कामदार लैजाने कम्पनी अथवा रोजगारदाताले नै श्रमिकका लागि भिसा शुल्क र यातायात खर्च व्यहोर्नुपर्छ । नेपाल सरकारले त्यसकै प्रबन्ध गरेको हो । प्रबन्ध त सरकारले गर्‍यो तर मेनपावर एजेन्सीहरूलाई पालना गर्न गराउन कडाइ गरेको छैन । न अनुगमन छ न त कारबाही नै। वैदेशिक रोजगारीमा गएका युवाले पठाएको विप्रेषण नै मुलुकको अर्थतन्त्रको मूल टेको भइरहेको छ। खर्बका खर्ब विप्रेषण मुलुकले भित्र्याउँछ। तर तिनै युवाले खेप्नु परेको सास्ती सुल्झाउ चाहिँ सरकार कानमा तेल हालेर बसेको छ। सरकारको यो उदासीनताको फाइदा ठग दलालहरूले उठाइरहेका छन्, शोषणमा परेका छन् श्रमिक युवा। प्रमाण जुट्ला भनेर ठगहरू युवासँग नगदै असुल्छन् र अन्तर्वार्तामा भने सित्तैमा सबै कुरा भएको भन्न बाध्य पार्छन्। भनसुन भएकाहरू, पहुँच हुनेहरू चाहिँ फ्रि भिसा, फ्रि टिकटमा उड्छन् पनि। तर जो सोझो छ, निमुखो र निर्धो छ, जसका लागि राज्य हुनुपर्ने हो, त्यसैलाई सरकारले अनदेखा गरिरहेको छ। २०७२ सालदेखि लागु गरेको फ्रि भिसा फ्रि टिकट नाम मात्रको भइरहेको छ।

# प्रतिबद्धता : काँचो कि पाको ?

**सुनीलकुमार पौड्याल**




राति उनी आएर भने, 'मित्र सुपर्णखा, भोलि मेरो भाषण छ, सुन्न आउ है ?' मैले उनलाई बस्न अनुरोध गरें । उनी 'भाषणको तयारी गर्नु छ, फुर्सद छैन, बस्नेगरी पछि आउँला' भनेर भाषण गर्ने ठाउँ र समयको जनाउ दिएर हिँडिहाले । मित्र हुन् जानै पर्‍यो । तर उनले नदेख्नेगरी म छेलिएर पछाडिपट्टि बसें । देखे भने फेरि मञ्चमा बोलाइहाल्छन् । त्यस्तो अपवित्र मञ्चमा मलाई बस्न मन लाग्दैन। श्रोतादीर्घा खचाखच भइसकेको रहेछ । उनी आइपुगेका थिएनन् । म सँगैका एकजनाले सँगै बस्ने (सायद उनका साथी होलान्)लाई भने, 'खै, हामीलाई भनेको समय आधा घण्टा गइसक्यो, अझै आका छैनन् ।' ती दोस्रा व्यक्तिले जवाफ दिए, 'भन्या समयमा आए त उनको के महत्त्व भयो र ? कामै रहेनछ, फुर्सद भएकाले पो ठीक समयमा आए भन्दैनन् ? आफ्नो मर्यादा, महत्त्व, रवाफ देखाउन पनि त मिलेसम्म ढिलो आउनु पर्‍यो । कस्तो कुरा नबुझेको !' उद्घोषक माइकबाट श्रोतालाई सम्मोहित गर्ने दुष्प्रयासमा कराउँदै थिए, 'श्रोतामहानुभावहरू, हाम्रा नेता साह्रै व्यस्त हुनुहुन्छ भन्ने उहाँको पदीय दायित्वबाटै तपाईंहरूलाई थाहा छँदैछ। मैले के भनिराख्नु पर्छ र ? उहाँको अति व्यस्तता हुँदाहुँदै पनि तपाईंहरूप्रति उहाँको श्रद्धा र मायाले गर्दा यहाँ आउने कुरामा उहाँले आनाकानी गर्नुभएन ।' सबै मुखामुख गर्न थाले। 'बरु खुसीसाथ हाम्रो अनुरोधलाई स्वीकार्नु भो । यो उहाँको महानता हो। अहिले भर्खर मलाई आएको सूचनाअनुसार पोहोरको भुइँचालोले तहसनहस बनाएको क्षेत्रमा आज बिहान हेलिकोप्टरबाट निरीक्षण गर्न जानुभएको थियो । त्यो ठाउँको आकाशमा पुग्नेबित्तिकै तपाईंहरूलाई दिएको समय सम्झिनुभएछ, त्यहाँ नओर्ली हेलिकोप्टर फर्काएर आउनु भएछ ।' उता बोलिरहेका थिए । 'फेरि खाना नखाई जानुभएकाले भोकै त आउनुभएन, त्यसैले अहिले खाना खाँदै हुनुहुन्छ । अब एकैछिनमा आइहाल्नुहुन्छ । तपाईंहरूको कति श्रद्धा र माया रहेछ उहाँमा, अब मैले भनिराख्नै पर्दैन। एकछिन, अब एकछिन धैर्यधारण गरिदिनुहुन म अनुरोध गर्दछु ।' यतिन्जेल मेरा पछाडि पनि मान्छे थुप्रिसकेछन् । त्यतैबाट एउटाले फुस्फुसायो, 'साला चम्चा, उसको आडमा लुट्न पाएको छ मस्तले, अनि प्रशस्ती गाउँछ ।' अर्कोपट्टिबाट अर्को फुस्फुसाहट आयो, 'दिक्क लागिसक्यो, हिँड्न पनि मिलेन । दाम लिसकिएको छ ।' दिएको समयभन्दा एक घण्टा नाघेको अलि बढी मात्र के भएको थियो, मेरा मित्र जन्तीजस्तो जुलुसमा अघि अघि हुँदै आइपुगे । मञ्चमा उक्लिएर उनले राजा त्रिभुवनको शैलीमा पाँच औंला ठाडो पारेर हत्केला दर्शन गराए । अगाडिका तीन, चार हरपमा बसेकाहरूले पर्र दुई हात पड्काए त्यसभन्दा पछाडिकाले कसैले अलिअलि कसैले गाह्रो माने जसरी बिस्तार हत्केला पड्काए । रकम लिएको भन्नेहरूले त हत्केला पड्काउन त परै जाओस्, काखीमा हात घुसारेर बसे । औपचारिकता पूरा गरेपछि उद्घोषकले उनका बारेमा विशेषणमाथि विशेषण थपेर प्रशंसा गरिसकेपछि उनलाई आफ्नो मुखारविन्दबाट उद्गार व्यक्त गर्न अनुरोध फर्माए । मेरा मित्रले सुरु गरे, 'साथी हो ।' मेरो अर्को छेउका एकजनाले फुस्फुसाए, 'अहिले साथी भन्छ, भेट्न गयो भने भेट नै दिंदैन । ठूलठूला भुँडीवालालाई भेट्न जहिले समय हुन्छ यसलाई ।' मित्रले यो फुस्फुसाहट सुन्ने कुरै आएन। उनले भने, 'देशको विकास हाम्रो प्रतिबद्धता हो ।' मेरो नजिकै अर्को फुस्फुसायो, 'उद्योग जति स्वाहा पारेर देश विकासको डिंग हाँक्छ ।' उनको भाषण चलिरहेकै थियो, 'युवा स्वरोजगार कार्यक्रममार्फत देशमा रोजगारी सिर्जना गरी विदेश गएका जनशक्ति फिर्ता ल्याउन हामी प्रतिबद्ध छौं ।' मेरो अर्को छेउमा एकजना बोल्यो, 'युवाहरूलाई बेचेर कुम्ल्याउन पाएका छौ, ल्याउँछौ फिर्ता ।' उसलाई कतिले सुने थाहा छैन। उनको भाषण लम्बिँदै गयो, 'काठमान्डुमा रेल ल्याउने हाम्रो प्रतिबद्धता हो ।' मेरो पछाडिबाट अर्को आवाज आयो, 'भृकुटीमण्डपको बाल रेल त धराशायी छ, ल्यायौ रेल ।' उनको स्वर झन् घन्कियो, 'पानीजहाज चलाउने हाम्रो प्रतिबद्धता हो ।' नजिकै अर्को बोल्यो, 'नमच्चिने पिङको सय झड्का !' उनको स्वर गर्जिंदै थियो, 'स्तरीय शिक्षा र सर्वसाधारणसम्म सुलभ स्वास्थ सेवा हाम्रो प्राथमिकता हो ।' मेरै अगाडिको एउटा बोल्यो, 'माफियासँग कमिसन अँचेट्न तिनलाई महँगो अस्पताल र विद्यालय खोलेर लुट्न छुट दिएको छ। यहाँ फुइँ लगाउँछ।' उनको स्वर गुञ्जिँदै थियो, 'आज देशमा जताततै सडक बनेको छ ।' म सँगैको एकजना बोल्यो, 'सारा राजमार्ग जताततै क्षतिग्रस्त छ । ठाउँ, कुठाउँ बाटो खनेर दुर्घटना अनगिन्ती भएर धनजनको व्यापक नोक्सानी भइरहेको छ, गुयी हाँक्छ ।' पछिल्तिरका एकजनालाई साह्रै झोक चलेछ, चिच्याए, 'एई, बेमान, बेमानीको रकम खाएर साउनको मुला झैं फुलेको छस्, गुयी हाँक्छस् ।' मञ्चबाट डनजस्ता लाग्ने केही पहलमान कुद्दै अगाडि बढे । अब पर्‍यो बित्याँस सोचेर पछाडिको त्यो मानिसतिर फर्केको के थिएँ, त्यो त कता टाप कसिसकेछ। एकछिन ती लडाकुले यताउति खोजतलास गरे। भेट्टाउन नसकेपछि वरिपरिकालाई धम्काउन थाले । त्यत्तिकैमा मेरा मित्र माइकबाट चिच्याउन लागे, 'शान्त हुनुस्, शान्त । यो केही होइन । हाम्रो योजना सुनेर आत्तिएका विरोधीहरूको घुसपैठ हो ।' त्यतिञ्जेलमा लडाकुको धम्कीले तर्सिएका श्रोताहरू बिस्तार तितरबितर भइसकेका थिए । म पनि उनले नदेख्ने गरी निस्किएँ। थाहा भएन पछि के भयो ।

*–अन्नपूर्ण*

सुवर्ण अवसर ! सुवर्ण अवसर !! सुवर्ण अवसर !!!

यस गोल्डेन गेट मल्टिपल एकेडेमी प्रा.लि. शाखा कार्यालय कोहलपुर ३ पेलेनचोकमा उद्घाटन को अवसरमा विभिन्न कोर्षमा ५०% छुटमा विभिन्न कक्षाहरू संचालन हुन गहिरहेको हुदा तालिम लिन चाहनुहुने व्यक्तिहरूले सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

तालिमहरू / सिट

बेसिक कम्प्यूटर (Basic Computer) ७० सिट
अंग्रेजी भाषा (English Language) ५० सिट
डिप्लोमा कम्प्यूटर (Diploma Computer) ५० सिट
Online Package (Email/internet) ३० सिट



तपशिल
फारम भर्ने अन्तिम मिति :-
भर्ना मिति :-
कक्षा संचालन मिति :-

फारम पाइने स्थान
गोल्डेन गेट मल्टिपल एकेडेमी प्रा.लि.
प्रधान कार्यालय : कोहलपुर-११, गोलपार्क, बाँके
शाखा कार्यालय : कोहलपुर-३, पेलेनचोक, बाँके
सम्पर्क नं. ९८४७२४६९०३, ९८६८३७०८०५, ९८६९९६८१६५ goldengate2075@gmail.com

जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरू समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरूद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरूमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरूमा सबै पालिकावासीले सहयोग गरौं ।

अदानचुली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
श्रीनगर, हुम्ला

जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरू समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरूद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरूमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरूमा सबै पालिकावासीले सहयोग गरौं ।

राप्ती सोनारी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
अगैया, बाँके

# कारागारमा निर्दोष बालबालिका

■ नमस्ते समचारदाता
दैलेख, माघ/३०



आमाबुवाले गरेको गल्तीका कारण निर्दोष दुई बालबालिका कारागारमा बस्नु परेको छ। बुवाआमाले बहुविवाह गरेपछि उनीहरूबाट जन्मिएका दुई सन्तान कारागारमा बस्नु परेको हो। जिल्ला कारागार दैलेखका अनुसार एक महिला कैदीबन्दी र एक थुनुवा महिलाका बालबालिका आमासँगै कारागारमा बस्नु परेको छ। जिल्ला कारागार प्रमुख लुना गिरीले बहुविवाह मुद्दामा जिल्ला अदालतबाट फैसला भएका दुई महिला कैदीबन्दीका नाबालक आमासँगै बसेको बताउनुभयो। दैलेखको चामुण्डा बिन्द्रासैनी नगरपालिका-५ की खजुरा नेपाली २०८० कात्तिक १ गते थुनामा पर्नुभएको थियो। जिल्ला अदालत दैलेखले बहुविवाह मुद्दामा एक वर्ष सात महिना कैद सजाय सुनाएको थियो। उहाँकी एक वर्षकी छोरी छन्। उहाँका श्रीमान् रमेश नेपालीलाई समेत एक वर्ष सात महिना कैद सजाय सुनाइएको छ। दुल्लु नगरपालिका-३ की तारा शाही पनि बहुविवाह मुद्दामा २०८१ पुस २९ गते थुनामा पर्नुभएको छ। उहाँको २० महिनाको छोरा छ। प्रहरीले जाहेरीका आधारमा उहाँका श्रीमान् राजेन्द्र महतलाई पनि पक्राउ गरी जिल्ला अदालत दैलेखमा मुद्दा चलाएपछि थुनुवाका रूपमा जिल्ला कारागारमा पठाएको हो। पाँच वर्षभन्दा कम उमेरका बालबालिका आमा थुनामा रहेको समयमा घरमा हेरचाह र संरक्षण गर्ने व्यक्ति नभएपछि आमासँगै राख्न पाउने व्यवस्था अनुसार उनीहरूलाई कारागारमै राखिएको कार्यालय प्रमुख गिरीले जानकारी दिनुभयो। उहाँले बहुविवाह मुद्दामा आएका उनीहरूको सजायको कैद भुक्तान गरिसकेपछि मात्र बालबालिका उनीहरूसँगै घर जाने बताउनुभयो।

# विद्यालय जाँदै गर्दा भीरबाट लडेर छात्रा गम्भीर घाइते

■ नमस्ते समचारदाता
बैतडी, माघ/३०



नगरपालिकामै हिँड्ने बाटो नहुँदा विद्यालय जाँदै गरेकी एक छात्रा भीरबाट लडेर गम्भीर घाइते भएकी छन्। पाटन नगरपालिका- २, भुलकट्टे गाउँका १६ वर्षीया छात्रा सावित्री पाण्डेय विद्यालय जाँदै गर्दा लडेर गम्भीर घाइते हुनुभएको हो। पाटन नगरपाकिला-२, सिलङ्गामास्थित सिद्धनाथ मावि कक्षा १० मा अध्ययनरत छात्रा बुधबार घनघस्याको उकालो सुरु हुने अघोरीगाड माथिको खेती भीरबाट लडेर गम्भीर घाइते भएको प्रधानाध्यापक लक्ष्मण बोहराले जानकारी दिनुभयो। उहाँले विद्यालय आवतजावत गर्ने बाटो निकै साँघुरो र भिरालो भएका कारण छात्रा लडेर घाइते भएको बताउनुभयो। घाइते छात्रालाई बेहोस अवस्थामै एम्बुलेन्समार्फत उपचारका लागि डडेलधुरा पठाइको छ। छात्राको टाउकोमा गम्भीर चोट लागेको विद्यालयले जनाएको छ। घाइते छात्रा विद्यालयका उत्कृष्ट विद्यार्थी रहेको प्रधानाध्यापक बोहराले जानकारी दिनुभयो। उहाँले भन्नुभयो, "भुलकट्टे गाउँबाट विद्यालय आउने बाटो ओरालो र निकै साँघुरो छ। त्यसमाथि सल्लीपिरका कारण विद्यार्थी चिप्लेर लड्ने गरेका छन्। आज ठुलै दुर्घटना भयो। खेती भीरबाट लडेकी छात्रा घनघस्याको उकालो सुरु हुने अघोरीगाड माथिको कुलोमा रोकिएको भेटौं।" छात्रासँगै उहाँका बहिनी पनि विद्यालय आउँदै गरेकाले समयमै खबर प्राप्त भएको विद्यालयले जनाएको छ। भुलकट्टे गाउँबाट सिद्धनाथ मावि सिलङ्गा २५ जना विद्यालय अध्ययन गर्न आउने गरेका छन्। विद्यालय आवतजावत गर्ने बाटो नहुँदा विद्यार्थीहरु भीरबाट लडेर घाइते हुने क्रमम बढेकाले विद्यार्थी र अभिभावकलाई सचेत हुन विद्यालयले आग्रह गरेको छ।

# लोपोन्मुख संस्कृति संरक्षणमा युवा

■ नमस्ते समचारदाता
सुर्खेत, माघ/३०



सुर्खेतका एक सयभन्दा बढी युवकयुवती लोप हुन लागेको कला संस्कृतिको संरक्षणमा जुटेका छन्। सुर्खेतका पुराना बाजा, भाका, लयका गीत तथा नृत्यलाई युवाले सिकेर विभिन्न कार्यक्रममा प्रस्तुत गर्दै संस्कृति संरक्षणमा जुटेका हुन्। लोप हुन थालेका कला संस्कृतिकारे युवालाई सिकाउने र संरक्षणमा सघाउने सुर्खेतको वीरेन्द्रनगर नगरपालिका वडा नं. १, ४, ८ र ११ का १२० जना युवकयुवतीलाई लोपोन्मुख कला संस्कृतिबारे सिकाउने र कम्प्युटरको ज्ञान समेत दिइएको छ। सुर्खेतस्थित राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठानका कलाकारले ती युवालाई करिब डेढ महिना नृत्य तथा सङ्गीत सिकाउने काम गरेको थियो। वीरेन्द्रनगर नगरपालिका-४ की कक्षा ९ मा अध्ययनरत रेश्मा जैसीले लोप हुने अवस्थामा रहेका संस्कृति सिकेर विभिन्न कार्यक्रममा प्रदर्शन गरिएको बताउनुभयो। आफूले मारुनी र झ्याउरे नृत्य बढी मन पर्ने र त्यही सिकेको बताउनुभयो। नयाँ संस्कृति राम्रो भए पनि आफूलाई पुरानै संस्कृति बढी मन पर्ने भएकाले आफूले सिकेर विभिन्न कार्यक्रममा प्रदर्शन गरेको उहाँको भनाइ छ। नयाँ पुस्तालाई पुराना कला संस्कृति थाहा नभएकाले सबैले सिकाउनुपर्ने उहाँले बताउनुभयो। यस्तै वीरेन्द्रनगर-१ का सानु परियारले पनि लोपोन्मुख संस्कृति सिक्न पाएकोमा खुसी व्यक्त गर्दै परियोजनाले कलामा लाग्न प्रेरित गरेको जनाउनुभयो। उहाँले नृत्यसँगै कम्प्युटर सिकेर सम्पादन गर्न पनि सिकेको जानकारी दिनुभयो। राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठानका अध्यक्ष चन्द्र मन्दिरले युवालाई लोपोन्मुख संस्कृति सिकाउन पाउँदा आनन्द लागेको बताउनुभयो। उहाँले पछिल्लो समय पुराना संस्कृति लोप हुन थालेको भन्दै यसलाई विकास साझेदारका साथै स्थानीय तहले पनि संरक्षण गर्न पहल गर्नुपर्ने बताउनुभयो। केही युवाले पुराना कला संस्कृति सिक्न खोजेको र केहीले नयाँ आधुनिक संस्कृति खोजेको भन्दै तर स्थानीय सरकारले लोप हुने अवस्थामा रहेका कला संस्कृतिलाई जोगाउन प्राथमिकता दिनुपर्ने बताउनुभयो। वीरेन्द्रनगर नगरपालिका-११ का वडाध्यक्ष खिमलाल देवकोटाले कला संस्कृतिको जगेर्नामा वडा र नगरपालिकाले ध्यान दिएको जिकिर गर्नुभयो। उहाँले युवापुस्तालाई कला संस्कृतिबारे जानकारी दिई संरक्षणमा टेवा दिनु उत्तम भएको बताउनुभयो। उहाँले आगामी वर्षदेखि वडामा लोपोन्मुख कला संस्कृति जोगाउन बजेट छुट्याई काम गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो। कर्णाली प्रदेशको सामाजिक विकास मन्त्रालयको महिला विकास शाखाका अधिकृत अनिता ज्ञवालीले युवा अवस्थाबाटै संस्कृति जोगाउन लाग्नु अरूका लागि प्रेरणा भएको बताउनुभयो। उहाँले कुलतमा फस्न सक्ने युवालाई कला संस्कृतिमा लगाएर योग्य बनाउन खोजिएको प्रति सराहना व्यक्त गर्दै यस्ता काममा सबैले सहयोग गर्नुपर्नेमा जोड दिनुभयो। अक्सफामको सहयोगमा युवालय र वाइजी इन्टरटेनमेन्टले सञ्चालन गरेको 'युवासँग हाम्रो' सहायात्रा परियोजनाको दुई बर्से कार्यक्रमबाट युवालाई लोप हुन थालेका संस्कृति संरक्षण गर्न अग्रसर गराइएको थियो। परियोजनाका मिडिया अफिसर सिर्जना बुढाथोकीले सुर्खेतसहित दैलेख र कैलालीका चार वटा पालिकाका दुई सयभन्दा बढी युवालाई कला संस्कृति जोगाउन प्रेरित गरिएको बताउनुभयो। हराउन र बिर्सन थालेका संस्कृतिलाई जगेर्ना गर्दै युवालाई सिकाउनु परियोजनाको उद्देश्य रहेको उहाँको भनाइ छ। नयाँ पुस्ताले पनि पुरानो कला संस्कृतिको संरक्षण गर्नुपर्ने भावना विकास गराउने प्रयास भइरहेको उहाँको भनाइ छ।

गाउँपालिका द्वारा जारी सन्देश

१. आफ्नो घर आगन सफा राखौं।
२. विकास निर्माणको काममा जन सहभागीता जुटाऔं।
३. बालबालिका लाई विद्यालय पठाऔं काममा नलगाऔं।
४. हावाहुरी चल्ने समयमा आगो जथाभावी नबालौं। बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं।
५. छाडा चौपायाहरुलाई नियन्त्रण गरौं।
६. जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं।
७. आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ।
८. सभ्य समाजको निमार्णमा सहयोग पुऱ्याऔं।
९. दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं।
१०. सार्वजनिक सम्पत्तिको संरक्षण गरौं। हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं।

चंखेली गाउँपालिका
हुम्ला

## लुम्बिनी...

लुम्बिनी प्रदेशका बाँके र बर्दिया राष्ट्रिय निकुञ्ज तथा गण्डकी प्रदेशका चितवन राष्ट्रिय निकुञ्ज, मनास्लु तथा अन्नपूर्ण संरक्षण क्षेत्र र दुवै प्रदेशमा पर्ने ढोरपाटन सिकार आरक्षलाई समेटी पर्यावरणीय तथा साहसिक पर्यटन सर्किटका रूपमा विकास गरिने उल्लेख छ। दुवै प्रदेशमा रहेका उद्योगहरूको कार्यक्षेत्र विस्तार गर्दै बुटवलमा निर्माणाधीन मोतिपुर औद्योगिक क्षेत्र र गण्डकी प्रदेशमा निर्माणाधीन लोकाहा खोला औद्योगिक क्षेत्रको उपयोग गर्न निजी क्षेत्रलाई सहजीकरण गरिने, खानी तथा खनिज उद्योगको स्थापना, सञ्चालन तथा विस्तार गर्न तथा प्राकृतिक स्रोतजन्य उत्पादनको विक्री वितरण व्यवस्थित गर्न सेवा शुल्क तथा दस्तुरमा एकरुपता कायम गरिने उल्लेख छ। औद्योगिक सुरक्षा, बजारीकरण र ढुवानीको सहजीकरणका लागि आवश्यक वातावरण तयार गरिने, दुवै प्रदेशलाई अधिकतम फाइदा हुने बहुउद्देश्यीय वृहत जलस्रोत आयोजनाको निर्माण तथा सञ्चालन आपसी समझदारीका आधारमा गरिने उल्लेख छ। प्रदेश कानुनअनुसार नदिजन्य पदार्थको उपयोगमा लगाइने करका सम्बन्धमा दुवै प्रदेश बीच एकरुपता कायम गरिने, सार्वजनिक सवारीको यात्रु भाडादर सम्भव भएसम्म एकरुप बनाइने तथा सडक दुर्घटना न्यूनीकरणका लागि सवारी गति नियन्त्रण, मादक पदार्थ सेवनको जाँच, चालक प्रशिक्षण, अनुगमन तथा निरीक्षणलगायतका कार्यक्रम संयुक्त रूपमा सञ्चालन गरिने उल्लेख छ। यस्तै रामपुर-चापाकोट एकीकृत शहरी विकास आयोजना कार्यान्वयनका लागि सङ्घीय सरकारलाई सिफारिस गरिने, पाल्पाको रानीमहल प्रवर्द्धन तथा संरक्षण गर्दै जलाशय सहितको पर्यटकीय पूर्वाधार विकास गर्न संयुक्त कार्य गरिने उल्लेख छ। कालीगण्डकी जलविद्युत् आयोजनाको बाँध क्षेत्रदेखि रानीमहल हुँदै बग्ने तल्लो तटीय क्षेत्रमा पानीको वहाव तथा परिमाण बढाउन सम्बन्धित आयोजना मार्फत सङ्घीय सरकारलाई सिफारिस गरिने उल्लेख छ। दुवै प्रदेशबीच सहकार्य, समन्वय र साझेदारी प्रवर्द्धन गर्न समन्वयात्मक बैठकलाई निरन्तरता दिइने तथा आगामी बैठक गण्डकी प्रदेशले आयोजना गर्ने प्रतिबद्धता व्यक्त गरिएको छ। यस अघि लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्य र कर्णाली प्रदेशका मुख्यमन्त्री यामलाल कडेलको विचमा पुस १२ गते १९ बुदे साझा प्रतिबद्धता गरिएको थियो।

**'अन्तर प्रदेश समन्वय र सहकार्यबाट धेरै काम गर्न सकिन्छ'**

लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले अन्तर प्रदेश सहकार्य र समन्वयबाट धेरै काम गर्न सकिने बताउनु भयो। अन्तर प्रदेश समन्वय बैठकलाई बुधवार सम्वोधन गर्दै मुख्यमन्त्री आचार्यले आपसी समन्वय र सहकार्यबाट प्रभावकारी काम गर्न सकिने बताउनु भएको हो। 'लुम्बिनी र गण्डकी प्रदेश हुँदै धेरै पूर्वाधार निर्माणका कार्यहरू अघि बढेका छन्। तर, केही योजनाहरू अपेक्षित रूपमा अघि नबढ्दा समस्या उत्पन्न भएको छ'उहाँले भन्नुभयो, 'यि समस्या पनि आपसी समन्वय र सहकार्यबाट समाधान गर्न सकिन्छ।' यस्तै बैठकलाई सम्वोधन गर्दै गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले अन्तर प्रदेश साझा सरोकारका बिषयलाइ सामुहिक रुपमा सम्बोधनका लागि पहल आवश्यक पर्ने बताउनु भयो। सडक पूर्वाधार, हवाई यातायात, सुरक्षा, कृषि, पर्यटन लगायत साझा सरोकारका बिषयलाइ प्राथमिकमा राखेर अघि बढ्न जरुरी रहेको बताउनु भएको हो। उहाँले प्रदेशका साझा सरोकारका बिषयलाइ संयुक्तरूपमा आवाज उठाउन जरुरी रहेको धारणा राख्नु भयो। उहाँले सुनौली नाका हुदै भित्रीने भारतीय पर्यटकलाइ पोखरा सम्म पुऱ्याउने बारेमा पनि साझा योजना आवश्यक पर्ने बताउनु भयो। साझा मुद्दालाई सामुहिक रुपमा सम्बोधन गर्नुपर्नेमा उहाँको जोड थियो।

गाउँपालिका द्वारा जारी सन्देश

१. आफ्नो घर आगन सफा राखौं।
२. विकास निर्माणको काममा जन सहभागीता जुटाऔं।
३. बालबालिका लाई विद्यालय पठाऔं काममा नलगाऔं।
४. हावाहुरी चल्ने समयमा आगो जथाभावी नबालौं। बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं।
५. छाडा चौपायाहरुलाई नियन्त्रण गरौं।
६. जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं।
७. आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ।
८. सभ्य समाजको निमार्णमा सहयोग पुऱ्याऔं।
९. दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं।
१०. सार्वजनिक सम्पत्तिको संरक्षण गरौं। हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं।

नाम्खा गाउँपालिका
हुम्ला

जन्म, मृत्यु, विवाह, बसाइँ सराइँ र सम्बन्ध बिच्छेदलगायतका व्यक्तिगत घटनाहरु भएको ३५ दिनभित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं।

ताँजाकोट गाउँपालिका
हुम्ला

# पक्की पुल निर्माण अलपत्र

नमस्ते समाचारदाता

हुम्ला, माघ/३०



सम्झौता भएको साढे दुई वर्ष बितिसक्दा पनि कर्णाली नदीमाथि दुई वटा पक्की पुलको निर्माण कार्य सुरु हुन सकेको छैन । पूर्वाधार विकास कार्यालयले बहुवर्षीय योजनाका रूपमा चार वर्षे अवधि राखे कै कारण दुई वटा पक्की पुलको हालसम्म निर्माण कार्य हुन नसकेको हो । कर्णाली नदी माथि खार्पुनाथ गाउँपालिकाको याङ्चु बगर र लाली बगरमा पक्की पुल निर्माण गर्न पूर्वाधार विकास कार्यालय निर्माण कम्पनीसँग साढे दुई वर्ष अगाडी सम्झौता गरेको भए पनि हालसम्म निर्माण कार्य अगाडि नबढेको कार्यालय प्रमुख नरेशराज जैसीले बताउनुभयो । पुल निर्माणका लागि पटक पटक निर्माण कम्पनीलाई ताकेता गर्दा पनि कुनै सुनुवाइ हुन नसकेको उहाँले बताउनुभयो । पुल निर्माणका लागि सम्झौता पत्रमा चार वर्षे अवधि राखेको कारण पुल निर्माण नहुनुको मुख्य कारण रहेको बताउँदै उहाँले निर्माणका लागि ताकेता भने गरि रहने बताउनुभयो । ती दुवै पुल निर्माणका लागि २०७९ साल जेठ २७ गते सम्झौता भएर २०८४ साल जेठ ११ गते सम्पन्न गर्ने मिति राखिएको छ । पुल निर्माणका लागि यति लामो अवधि राख्न नहुनेमा कार्यालयको यहीनेर कमजोरी रहेको उहाँले स्वीकार गर्नुभयो । यसका लागि कार्यालयले सुर्या एजएम शृया जेभीसँग सम्झौता गरेको छ । जसमा याङ्चु बगरको पक्की पुल निर्माणका लागि १७ करोड लागत लाग्ने गरि बजेटको व्यवस्था गरिएको छ भने लालि बगरका लागि चौध करोड लागत लाग्ने गरी सम्झौता गरिएको छ । यी दुवै पुल निर्माणका लागि कर्णाली प्रदेश सरकारको भौतिक पूर्वाधार विकास मन्त्रालयले २०७७ साल मङ्सिर ८ गते बहुवर्षीय योजनाका रूपमा स्वीकृत दिदै बजेटको सुनिश्चितता गरेको थियो । यसअघि सडक सञ्जान नजोडिएको कारण निर्माण सामाग्री ढुवानीमा समस्या भएको भने पन्छिने निर्माण कम्पनीलाई गत असारमा कर्णाली कोरिडोर खार्पुनाथ गाउँपालिकाको खार्पुसम्म जोडिएपछि अब कुनै बहानाबाजी गर्ने छुट नभएको खार्पुनाथ गाउँपालिकाका अध्यक्ष कर्ण बहादुर रावलले बताउनुभयो । राज्यभन्दा निर्माण व्यवसायी ठुलो देखिए कै कारण खार्पुनाथ गाउँपालिका -२,३ र ४ का वस्तीहरू सडक सञ्जालसँग जोडिन नपाएको उहाँले बताउनुभयो । याङ्चु बगरमा पुल निर्माण नभएकै कारण वडा नम्बर ४ को तुम्लिङ देखि नल्नसम्म सडक निर्माण भए पनि यातायातका साधन सञ्चालनमा आउन नसकेको उहाँले बताउनुभयो । अर्को कुरा लाली बगरमा पक्की पुल नबन्दा हाल सो क्षेत्रको कर्णाली नदीमा तुइन निर्माण गरेर थाली र लाली गाउँका स्थानीय जोखिम उठाएर नदी वारपार गरिरहनु भएको छ ।

# मापदण्ड विपरीत पेट्रोलियम पदार्थ बेच्ने पसलमा तालाबन्दी

नमस्ते समाचारदाता

रुकुमपश्चिम, माघ/३०




रुकुमपश्चिमको जिल्ला सदरमुकाम मुसीकोटका विभिन्न स्थानमा मापदण्ड विपरित पेट्रोलियम पदार्थको बिक्रि वितरण गर्ने चार वटा पसलमा तालाबन्दी गरिएको छ । जिल्ला प्रशासन कार्यालयले बुधबार गरेको अनुगमनका क्रममा मापदण्ड विपरित पेट्रोलियम पदार्थको बिक्री वितरण भएको पाईएपछि तालाबन्दी गरिएको हो । अनुगमन समितिका संयोजक सहायक प्रमुख जिल्ला अधिकारी विनोद रेग्मीका अनुसार चार वटा पसल अनुगमन गर्दा चारवटै मापदण्ड विपरित सञ्चालन भएको पाइएको हो । सहायक प्रमुख जिल्ला अधिकारी रेग्मीले नियम विपरित सञ्चालन भएको पाइएपछि चार वटा पसललाई तीन दिनभित्र पेट्रोलियम पदार्थको आवश्यक व्यवस्थापन गर्नेगरी तालाबन्दी गरिएको बताउनुभयो । दुई वटा पसललाई १५ हजार रुपियाँ जरिवाना समेत गरिएको उहाँले जानकारी दिनुभयो । प्रशासन कार्यालयले उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालयको समन्वयमा बजार अनुगमन गरेको हो । अनुगमनमा सहायक प्रजिअ रेग्मी, उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालयका प्रमुख रमेश ओली, जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक ऋषि पाठक, गैर सरकारी संस्था महासंघका जिल्ला अध्यक्ष भिमराज ओली, राष्ट्रिय अनुसन्धान विभागका अरुण रेग्मी, पत्रकारहरु लगायतको सहभागिता रहेको थियो ।

# पहिरोले हुम्लाको खच्चा सडक अवरुद्ध

नमस्ते समाचारदाता

हुम्ला, माघ/३०



सुख्खा पहिरोका कारण जिल्लाको दक्षिण भेग सर्केगाड गाउँपालिका-१ अन्तर्गतको कर्णाली करिडोरको खच्चा सडक चार दिनदेखि अवरुद्ध भएको छ । सर्केगाड गाउँपालिका-१ तुम्चगाउँका रतन रावतका अनुसार गत आइतबार बिहानदेखि सुख्खा पहिरो खसेर अवरुद्ध भएको उक्त सडक अझै सञ्चालन भएको छैन । सडक अवरुद्ध भएपछि स्थानीय पैदल यात्रा गर्न बाध्य भएका छन् । यसैबीच, बालकुनास्थित अस्थायी प्रहरी पोष्टका प्रहरी हवलदार राज बहादुर विष्टले पहिरो पन्छाएर बाटो खोल्ने अथक प्रयास भइरहेको रासससलाई टेलिफोनमा बताउनुभयो ।

# हेलिकोप्टरबाट सुत्केरीको उद्धार

नमस्ते समाचारदाता

कालीकोट, माघ/३०



कालीकोटको रासकोट नगरपालिका-६ का धने सार्की सोमबार दिनभरि निकै तनावमा देखिनुभएको थियो । अस्पतालमा आफ्नी ४० वर्षीय गर्भवती श्रीमती सुत्केरी हुन सकेर छटपटाइरहेका बेला उहाँ घडी वडा कार्यलय त घडी अस्पतालको प्रसूति कक्ष धाइरहनुभयो । अन्त्यमा स्वास्थ्यकर्मीले यहाँ सुत्केरी गराउन नसक्ने भनेपछि धनेलाई थप पीडा भयो । निकै भावुक हुँदै श्रीमतीको ज्यान जोगाइ दिन उहाँले सबैसँग बिन्ती गरिरहनुभयो । अस्पताल र सरकारको पहलमा धनेको श्रीमतीको हेलिकोप्टरबाट प्रदेश अस्पतालबाट उद्धार गरेपछि उहाँ खुसी देखिनुभएको छ । दुई दिनदेखि रासकोट अस्पतालमा सुत्केरीका लागि भर्ना भए पनि धने सार्कीकी श्रीमती बिस्ना सार्कीलाई असहज भएपछि हेलिकोप्टर मार्फत उद्धार गरिएको हो । महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय अन्तर्गत राष्ट्रपति महिला उत्थान समन्वय एकाइमार्फत हेलिकोप्टरको व्यवस्थापन भएपछि ग्रामीण र दुर्गम क्षेत्रका विपन्न महिलाको ज्यान जोगिएको हो । जिल्ला प्रशासन कार्यालय कालीकोटका कम्प्युटर अपरेटर उज्ज्वल शाहीले प्रमुख जिल्ला अधिकारी नारायण प्रसाद भट्टराईले तत्काल सिफारिस गरेपछि हेलिकोप्टर आएको र गर्भवती महिलाको उद्धार भएको बताउनुभयो । तत्काल हेलिकोप्टर आएपछि उहाँको ज्यान जोगिएको छ । श्रीमतीको उद्धारपछि धने सार्कीको पीडा पनि कम भएको छ । उहाँले तत्काल उद्धार नभएको भए ज्यान जोगाउन गाह्रो हुने बताउनुभयो । श्रीमतीका साथमा जेठी छोरी सुर्खेतस्थित प्रदेश अस्पताल गएकी छन् । आफूले साना अरू बच्चाको हेरविचार गरेको भन्दै उहाँले सरकारले थालेको हवाई उद्धार कार्यक्रम दुर्गम र कर्णाली क्षेत्रका लागि निकै प्रभावकारी भएको बताउनुभयो । यस कार्यक्रमले दुर्गममा जोखिममा रहेका गर्भवती तथा सुत्केरीको ज्यान जोगिएको छ ।

# दुर्घटनामा एकको मृत्यु, दुई घाइते

नमस्ते समाचारदाता

पाल्पा, माघ/३०

पाल्पाको दुई स्थानमा भएको सवारी दुर्घटनामा परेर एक जनाको मृत्यु भएको छ । दुई जना घाइते भएका छन् । मृत्यु हुनेमा रामपुर-१, बर्दाकोटका १५ वर्षीय किशोर नारायण सारुको मृत्यु भएको छ । तीन दिनअघि निस्दीदेखि रामपुरतर्फ ढुङ्गा लिएर आउँदै गरेको लु. ४ त. ५२७१ नम्बरको ट्याक्टरबाट खसेर घाइते हुनुभएका सारुको उपचारको क्रममा काठमाडौँस्थित इनोभा अस्पतालमा बुधबार मृत्यु भएको प्रहरीले जनाएको छ । यस्तै, बुधबार तानसेन-तम्घास सडक खण्डको जोगीपानीमा लु. १७ प. ८८६४ नम्बरको मोटरसाइकल र ०१००१ ज. ००१७ नम्बरको इभी जिप आपसमा ठोक्किदा दुई जना घाइते भएका छन् । घाइते हुनेमा मोटरसाइकलमा सवार गुल्मी छत्रकोट गाउँपालिका -१ का ३८ वर्षीय प्रकाश पाण्डे र ३१ वर्षीया कमला पाण्डे रहनु भएको छ । घाइतेलाई उपचारका लागि तानसेनस्थित युनाइटेड मिसन अस्पतालमा पठाइएको भए पनि थप उपचारका लागि काठमाडौँ स्थित ट्रमा सेन्टरमा रिफर गरिएको अस्पतालले जनाएको छ । घटनाबारे थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय पाल्पाका सूचना अधिकारी सुनिल मल्लले जानकारी दिनुभयो ।

## गाउँपालिका द्वारा जारी सन्देश

१. आफ्नो घर आगन सफा राखौं ।
२. विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
३. बालबालिका लाई विद्यालय पठाऔं काममा नलगाऔं ।
४. हावाहुरी चल्ने समयमा आगो जथाभावी नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
५. छाडा चौपायाहरुलाई नियन्त्रण गरौं ।
६. जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं ।
७. आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
८. सभ्य समाजको निमार्णमा सहयोग पुऱ्याऔं ।
९. दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
१०. सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं ।

खार्पुनाथ गाउँपालिका
हुम्ला

जन्म, मृत्यु, विवाह, बसाई सराई र सम्बन्ध विच्छेद लगाएतका व्यक्तिगत घटनाहरु भएको ३५ दिन भित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं ।

नाम्खा गाउँपालिका
हुम्ला


नमस्ते कर्णाली राष्ट्रिय दैनिकका लागि प्रकाशक/ सम्पादक : अशोक भण्डारी ,प्रधान कार्यालय : कोहलपुर-११ बाँके, शाखा:सुर्खेत,हुम्ला,मुगु,कालिकोट,जुम्ला,डोल्पा,बाजुरा
सम्पर्क : ९८४७२४६९०३ इमेल: namastekarnali1@gmail.com मुद्रण: गैरे अपसेट प्रेस (छापाखाना), कोहलपुर, बाँके